# प्रदेशस्तरीय अपाङ्गता समन्वय समिति (गठन, सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

**प्रस्तावनाः** अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन तथा प्रदेश सरकारबाट अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गर्नको लागि प्रदेशस्तरीय अपाङ्गता समन्वय समिति गठन गर्न वाञ्छनीय भएकोले,

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "प्रदेशस्तरीय अपाङ्गता समन्वय समिति (गठन, सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले प्रदेशस्तरीय अपाङ्गता समन्वय समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित प्रदेशस्तरीय अपाङ्गता समन्वय समिति सम्झनु पर्छ।

३. <u>समितिको गठनः</u> (१) अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन तथा प्रदेश सरकारबाट अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गर्नको लागि एक प्रदेशस्तरीय अपाङ्गता समन्वय समितिको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(च) सचिव, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय -सदस्य

(छ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(ज) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(झ) सचिव, जलस्रोत तथा उर्जा विकास मन्त्रालय -सदस्य

(ञ) राष्ट्रिय अपाङ्ग महासंघ, कर्णाली प्रदेश -सदस्य

(ट) अपाङ्गता भएका व्यक्तिहरूको प्रदेशस्तरका संघ, संगठन, महासंघमा कार्यरत संस्थामध्ये दश प्रकारका अपाङ्गताका वर्गबाट प्रतिनिधित्व हुने गरी अपाङ्गताको क्षेत्रमा कम्तीमा पाँच वर्ष क्रियाशिल रहेका अपाङ्गता भएका व्यक्तिमध्येबाट मन्त्रालयबाट मनोनीत कम्तीमा पाँच जना महिला सहित समावेशी सिद्धान्तका आधारमा दश जना -सदस्य

(ठ) प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ट) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले त्यस्ता सदस्यलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ। तर त्यसरी सदस्य पदबाट हटाउँदा निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) उपदफा (२) को खण्ड (ट) बमोजिमका सदस्यमा बहालवाला सरकारी कर्मचारीलाई मनोनयन गरिनेछैन।

(६) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अपाङ्गता सम्बन्धी नीति एवम् कानून तर्जुमा गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) अपाङ्गता सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) अपाङ्गता सम्बन्धी प्रचलित कानूनमा आवश्यक सुधार गर्नु पर्ने भएमा प्रदेश सरकारलाई सुझाव दिने,

(घ) अपाङ्गता भएका व्यक्तिको अधिकारका विषयमा विभिन्न निकायको भूमिकाका बारेमा सम्बन्धित निकायलाई सुसुचित गराउने,

(ङ) सार्वजनिक भौतिक संरचनालाई अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त तुल्याउन पैरवी गर्ने,

प्रदेश सचिव

(च) अपाङ्गता भएका व्यक्तिको हकहित, प्रवर्द्धन तथा अधिकारको संरक्षणका लागि काम गर्ने विभिन्न सरकारी निकाय र संस्थासँग समन्वय गर्ने,

(छ) प्रदेशमा अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालित विभिन्न कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन गर्ने,

(ज) अपाङ्गता सम्बन्धमा अध्ययन, अनुसन्धान, सूचना सङ्कलन, प्रशोधन र प्रकाशन गर्ने,

(झ) स्थानीय तहमा रहेको अपाङ्गता समन्वय समितिसँग समन्वय र सहकार्य गर्ने,

(ञ) प्रदेश सरकारले तोकेको अन्य कार्य गर्ने।

५. **समितिका सदस्यको पद रिक्त हुने:** (१) दफा ३ को उपदफा (२) को खण्ड (ट) बमोजिमका सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछः-

(क) निजले अध्यक्ष मार्फत मन्त्रालय समक्ष राजीनामा दिएमा,

(ख) निज बिना सूचना लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा,

(ग) निजको कार्यकाल समाप्त भएमा,

(घ) मन्त्रालयले सदस्यबाट हटाएमा,

(ङ) निजको मृत्यु भएमा।

(२) उपदफा (१) बमोजिम पद रिक्त भएमा त्यस्तो पदमा अर्को व्यक्तिलाई सदस्य मनोनयन गर्दा जुन क्षेत्रबाट रिक्त भएको हो सोही क्षेत्रबाट बाँकी कार्यकालका लागि मनोनयन गर्नु पर्नेछ।

६. **समितिको बैठक सम्बन्धी कार्यविधि:** (१) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

प्रदेश सचिव

७.<u>बैठक भत्ताः</u> (१) समितिका सदस्यले बैठकमा भाग लिए बापत प्रदेश सरकारबाट स्वीकृत प्रचलित खर्च मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

(२) समितिको बैठक सञ्चालनका लागि मन्त्रालयले वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन गर्नु पर्नेछ।

८.<u>वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः</u> समितिले वर्षभरिमा आफूले गरेको कामकारबाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले पहिलो त्रैमासिकभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

९.<u>निर्देशन दिन सक्नेः</u> समितिको कामकारबाहीका सम्बन्धमा प्रदेश सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१०.<u>प्रदेश सरकारसँग सम्पर्कः</u> समितिले मन्त्रालयमार्फत् प्रदेश सरकारसँग सम्पर्क गर्नुपर्नेछ।